# चौतारा साँगाचोकगढी नगरपालिका

Chautara Sangachokgadhi Municipality

## नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

चौतारा, सिन्धुपाल्चोक

Chautara, Sindhupalchok

बागमती प्रदेश, नेपाल

Bagmati Province, Nepal


पत्र संख्या (Letter No.): २०८०/०८१

चलानी नम्बर (Dispatch No.) : ६६८

मितिः-२०८०/०९/०५

### पकेट विकास प्रवर्द्धन कार्यक्रम (प्याकेज) सञ्चालनमा सहभागी हुन प्रस्ताव आह्वानको सूचना ।

आ.व.०८०/८१ को स्वीकृत नगर कृषि विकास कार्यक्रम अनुसार पकेट विकास प्रवर्द्धन कार्यक्रम तर्फ यस चौतारा साँगाचोकगढी नगरपालिकाको **विभिन्न वडाभित्र सम्भावित पशु तथा कृषि बाली वस्तुहरुको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास** कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले ईच्छुक चौतारा साँगाचोकगढी नगरपालिका भित्रका कृषक समूह/कृषि सहकारीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजपत्र सहित मिति २०८०/०९/२५ गते (२१) दिनभित्र चौतारा साँगाचोकगढी नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा (अनुसुची २ ) अनुसारको विवरण र ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्वता सहित प्रस्ताव पेश गर्न सम्वन्धित सबैमा जानकारीका लागी यो सुचना प्रकाशीत गरीएको छ ।

**पकेट सञ्चालनका लागी तोकिएको बाली वस्तु तथा संचालन गरिने क्रियाकलाप**

| क.सं | पकेट सञ्चालन गर्न सकिने बाली/वस्तुहरु | संचालन गर्न सकिने क्रियाकलापहरु |
|---|---|---|
| १ | तरकारी बाली | कार्यक्रमबाट लाभान्वित हुने प्रत्येक एक व्यक्ति बराबर टनेल भित्र खेती गर्ने भए कम्तिमा ५ वटा टनेलमा खेती गर्न वा कम्तीमा २ रोपनी क्षेत्रफलमा तरकारी खेती बिस्तार गर्न र च्याउ खेतिका लागी एक व्यक्ति बराबर कम्तिमा २ वटा टनेलमा खेती गर्न सकिने । |
| २ | फलफुल बाली | कार्यक्रमबाट लाभान्वित हुने एक व्यक्ति बराबर कम्तिमा २ रोपनी जमिनमा प्राविधिक मापदण्ड अनुसार फलफुल खेतकिो क्षेत्र विस्तार गर्न सकिने । |
| ३ | बाखा पालन | कार्यक्रमबाट लाभान्वित हुने एक व्यक्ति बराबर कम्तिमा ५ वटा माउ बाखा सहित १० वटा बाखा/पाठापाठी पालन, खोर निमार्ण व्यवस्थापन, नश्ल सुधार आदि गर्न सकिने । |
| ४ | बंगुर पालन | कार्यक्रमबाट लाभान्वित हुने एक व्यक्ति बराबर कम्तिमा ५ वटा माउ बंगुर पालन, खोर व्यवस्थापन लगायत अन्य क्रियाकलाप गर्न सकिने । |
| ५ | गाई भैसि पालन | कार्यक्रमबाट लाभान्वित हुने एक व्यक्ति बराबर कम्तिमा ५ वटा माउ गाई वा भैंसि पालन, गोठ सुधार, नश्ल सुधार गर्न सकिने ।<br>**थप क्रियाकलपहरु पकेट विकास प्रर्वद्धन कार्यक्रम (प्याकेज) कार्यविधि २०७९ अनुसार गर्न सकिने ।** |

**निवेदन साथ पेश गर्नुपर्ने कागजपत्रहरु :**

१. सम्वन्धित निकायमा दर्ता भएका कषक समुह/ कृषि सहकारी सस्थाको दर्ता तथा नविकरण,स्थायी लेखा नम्बर,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

२. कार्यक्रम माग गर्ने समुह तथा सहकारी संस्थाहरुको कार्य समितिको निर्णयको प्रतिलिपि ।

३. सञ्चालक समितिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

४. अनुदानको लागी आवेदन फारम (अनुसुचि २) अनुसारको विवरण

५. सम्बन्धित वडा कार्यालयको सिफारिस।

६. कार्यक्रम माग समबन्धि समुह/ सहकारी सस्थाको निवेदन ।

राम बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत


http://chautaramun.gov.np/ chautaramun@gmail.com ०११-६२०३१३, ४७७ ०११-६२००४७